"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धनुष पोखरी, झापा, कोशी प्रदेश, नेपाल

प. सं. २०८०/०८१

च नं.

**आन्तरिक ठेक्का बन्दबस्ती सम्बन्धमा दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८०/०४/०७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को २ ध, दफा ५१ र दफा ६२ बमोजिम हुने गरि गाउँ कार्यपालिकाको मिति २०८०/०४/०५ गतेको निर्णयानुसार गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरीक आय (बहाल बिटौरी शुल्क तथा सेवा शुल्क) संकलन गर्न आगामी आ.व २०८०/८१ को आषाढ मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रहि तपशिलमा उल्लेखित समय, मिति र स्थानमा गोप्य शिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | विवरण | न्यूनतम ठेक्का अंक रु (बार्षिक मु.अ. क सहित) | दरभाउपत्र फारम दस्तुर | धरौटी रकम | दरभाउपत्र फारम खरिद अन्तिम मिति | दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | दैनिक हाट बजार ठेक्का (गोलधाप, ढडुवा, वडावारी, मंगलबारे, कन्चनश्री, हल्दीबारी र पारखोपी बजार) | रु ३,००,०००/०० | १,०००/०० | कबोल अंकको ५ प्रतिसत | मिति २०८०/०४/२१ समय:१२:०० दिउसो | मिति २०८०/०४/२१ समय:१४:०० दिउसो | मिति २०८०/०४/२१ समय:१४:०० दिउसो |

**शर्तहरु:-**

१. ईच्छुक दरभाउपत्र दाताले नागरिकताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र र गत आ.व को कर चुक्ता प्रमाणपत्र पेश गरि कार्यालयबाट बोल पत्र शिलबन्दी दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ साथै व्यक्तिको हकमा सम्बन्धित व्यक्तिको प्यान दर्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

२. दरभाउपत्र फारममा उल्लेखित कवोल ठेक्का अंकले ५ प्रतिशत धरौटी रकम Citizen International Bank Ltd. मंगलबारे हल्दीबारी शाखाको हल्दीबारी गाउँपालिकाको धरौटी खाता नं ०६३०१००००००१७२०१ मा नगदै जम्मा गरेको सक्कलै भौचर दरभाउ पत्रका साथ संलग्न राखि पेश गर्नुपर्नेछ।

३. ईच्छुक फर्म वा कम्पनीले दरभाउपत्र फारम खरिद गर्दा अध्यावधिक फर्म नविकरणको प्रतिलिपी मु.अ.कर दर्ता प्रमाणत्रको प्रतिलिपी स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समय भित्र खरिद गर्न सकिनेछ।

४. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरि उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा लेखेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। सम्झौता गर्न आउदा फर्म वा कम्पनीले कवोल गरेको ठेक्का रकमको अनिवार्य अग्रीम ५० प्रतिसत बुझाउनु पर्नेछ र बाँकी ५० प्रतिसत रकम बराबरको बैंक जमानत ल्याउनु पर्ने छ वा कवोल आङ्क बराबरको रकम हल्दीबारी गाउँपालिकाको राजस्व खातामा जम्मा गरि सक्कल भौचर बुझाउनु पर्ने छ साथै व्यक्तिको ठेक्काको हकमा सम्बन्धित व्यक्तिले एकमुष्ठ रकम गाउँपालिकाको राजस्व खातामा दाखिला गर्नुपर्ने छ।

५. ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद भए गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ।

६. गाउँपालिकालाई रकम बुझाउनुपर्ने बाँकी बक्यौता भएमा त्यस्तो रकम नबुझाएसम्म दरभाउपत्र खरिद गर्न पाइने छैन।

७. ठेक्का अवधी वि.स २०८१ साल आषाढ मसान्तसम्मको रहनेछ।

८.ठेक्का स्वीकृत गर्ने/ नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. शर्त राखि पेश गरेको रित नपुगेको र म्याद नाघि आएको शिलबन्दी दरभाउपत्र प्रत्रहरुको कार्वाही हुने छैन।

१०.एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फर्म खरिद गर्न दिइनेछ। जसको फारम खरिद गरिएको हो सोही व्यक्ति वा आधिकारीक प्रतिनिधी स्वयं उपस्थित भई पेश गर्नुपर्नेछ।

११. दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट हुने छ।

१२. अन्य शर्तहरु:-

- दैनिक हाटबजार सेवा शुल्क सम्बन्धमा: यस गाउँपालिका क्षेत्रमा सम्पूर्ण हाटबजार लाग्ने क्षेत्रहरु।
- आफै उत्पादन गरी डाकी टोकरीमा बोकी बिक्रि गर्न ल्याउने सामान्य किसानहरुसँग शुल्क लिन पाइने छैन।
- उठाउन पाउने दररेट यस गाउँपालिकाको आर्थिक ऐन २०८० बमोजिम हुनेछ।

.............................

नि. प्रमुख प्रशासकीय अधिकृत

ईमेल:haldibariruralmunicipality123@gmail.com

वेभसाईट : www.haldibarimun.gov.np